म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २३० मंगलबार, १९ चैत २०८१ ने. सं. ११४५ चौल्लाथ्व 1 April 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## उपाध्यक्ष कप भलिबलको उपाधि ५ नं. वडालाई

हेटौंडा, १८ चैत/मकवानपुरको कैलाश गाउँपालिकाको आयोजनामा भएको तेस्रो उपाध्यक्ष कप भलिबल प्रतियोगिताको उपाधि वडा नम्बर ५ ले जितेको छ ।

सोमबार विहान भएको फाइनल खेलमा वडा नम्बर ३ लाई २५-१४, २३-२५, २५-१६, २५-२३ को सेटमा पराजित गरेको हो । घरेलुमैदानमा वडा नम्बर ३ लाई हराउँदै वडा नम्बर ५ ले नगद ७५ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

उपविजेता बनेको वडा नम्बर ३ ले नगद ५० हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । सेमीफाइनल खेलमा वडा ५ ले वडा २ लाई हराउँदै फाइनल प्रवेश गरेको थियो भने वडा नम्बर ३ ले १० नम्बरलाई हराउँदै फाइनल प्रवेश गरेको थियो । क्रमशः पृष्ठ-४...

# बैठक चल्न नदिने प्रतिपक्षीको चेतावनी, मंगलबार सर्वदलीय बैठक बस्दै

साझाकुरा संवाददाता




हेटौंडा, १८ चैत/ बागमती प्रदेशको मन्त्रीपरिषदको सोमबार बसेको बैठकले प्रदेश नीति तथा योजना आयोगको गठन तथा सञ्चालनको लागि विधेयक मस्यौदा गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

बैठकले प्रदेश समपूरक अनुदानसम्बन्धी कार्यविधि २०८१ लाई पनि स्वीकृति प्रदान गरिएको सरकारको प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले बताए । बैठकले प्रदेश कामकाजको भाषा ऐन कार्यान्वयन भएको दिन, गाइजात्राको दिन, चेपाङ समुदायको न्वागी र माझी समुदायको लदीपर्वको सन्दर्भमा २०८२ सालमा थप ४ दिन सार्वजनिक बिदा थप्ने निर्णय गरेको प्रवक्ता लामिछानेले बताए ।

बैठकले पूर्वाधार मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयको कार्यालयप्रमुख राजु श्रेष्ठलाई बढीमा ६ महिनाका लागि कायममुकायम जिम्मेवारी दिने निर्णय गरेको छ । बागमती प्रदेशसभाको बैठक मंगलबार दिउँसो १ बजे बस्दै छ । तर, प्रमुख विपक्षी दलहरुले भने प्रदेशसभाको बैठक चल्न नदिने चेतावनी दिएका छन् । माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जम्कट्टेलले पछिल्ला गतिविधिका विषयमा सरकारको स्पष्ट धारणा नआएसम्म बैठक चल्न नसक्ने चेतावनी दिएका छन् ।

उनले सरकारको गतिविधि र मन्त्रीहरुका कामका विषयमा सरकारले चित्तबुझ्दो जवाफ नदिए हाउस चल्न नसक्ने बताएका हुन् । प्रदेशका निवर्तमान मुख्यमन्त्री समेत रहेका जम्कट्टेलले विगतमा विपक्षी दलहरुसँग गरेका सहमति र प्रदेशका गरिबी निवारण तथा सहकारीमन्त्रीका स्वकीयको आत्महत्याका विषयमा सरकारले जवाफ दिनुपर्ने बताए ।

सरकारले मन्त्रीहरुलाई जवाफदेही र जिम्मेवार बनाउन नसक्दा सहकारी ठगीमा संलग्न हुने गरी अडियो रेकर्डहरु सार्वजनिक भएको उनको दाबी छ । सहकारी ठगी केसमा मन्त्रीको स्वकीय जोडिएको अडियो सार्वजनिक भएको विषयमा सरकारले आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने उनको माग छ । यो विषयमा सरकारले स्पष्ट जवाफ नदिएसम्म संसद् बैठक चल्न नसक्ने नेता जम्कट्टेलले बताए ।

'सरकारको धारणा अनुसार संसद् सञ्चालनको निर्णय लिन्छौं,' उनले भने, 'सरकार विपक्षीलाई बेवास्ता गर्दै अघि बढिरहेको छ । सरकारले हामीसँग कुनै पनि विषयमा समन्वय गरेको छैन । सरकार जवाफदेही नबन्दासम्म संसद् सञ्चालन हुन असम्भव छ ।'

**बैठक चलाउन सहज वातावरण बनाउँछौं : मुख्यमन्त्री लामा**

प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले संसद् सञ्चालनका लागि खासै समस्या नरहेको उल्लेख गर्दै सहज वातावरण बनाउन प्रदेश सरकार तयार रहेको बताएका छन् । उनले प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलहरुले पनि सहज वातावरण तयार गर्नुपर्ने बताए । उनले विपक्षी र सरकारबीचका राजनीतिक विषयलाई छलफलका माध्यमबाट समाधान गरेर जान सकिने स्पष्ट पार्दै त्यसका लागि सरकार तयार रहेको जानकारी दिए ।

'सरकारले विगतमा विपक्षीले उठाएका विषय पनि क्रमशः सम्बोधन गर्दै अघि बढेको छ । केही विषय समेट्ने चरणमा छौं,' उनले भने, 'विपक्षीले पनि यो कुरा राम्रैसँग बुझेको छ । त्यसकारण संसद् बैठक सञ्चालनमा कुनै समस्या हुन्न ।'

**सोमबार बोलाइएको सर्वदलीय बैठक मंगलबार बस्ने**

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले सोमबार अपराह्न ४:३० बजेका लागि बोलाएको सर्वदलीय बैठक आज मंगलबार बिहान बस्ने भएको छ ।

मंगलबार दिउँसो बस्ने बागमती प्रदेशसभाको बैठकअघि प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुबीच छलफलका लागि भन्दै सोमबार सर्वदलीय बैठक बोलाएका थिए । सोमबार नै प्रदेश मन्त्रिपरिषद्को बैठक बस्ने र सर्वदलीय बैठकमा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका अध्यक्ष शालिकराम जम्कट्टेलसमेत उपस्थित हुन नसक्ने भएपछि सर्वदलीय बैठक मंगलबार लागि सारिएको जनाइएको छ ।

सभामुख पाठकले पछिल्लो राजनीतिक घटनाक्रम र प्रदेशसभा सञ्चालनको विषय टुंग्याउन सर्वदलीय बैठक आह्वान गरेको जानकारी दिए । विगतका सहमति, पछिल्लो समय प्रदेश सरकारका कामकाज तथा हालै विकसित राजनीतिक घटनाक्रमबारे छलफल गरेर अघि बढ्ने तयारी रहेको उनको भनाइ छ । सभामुख पाठकका अनुसार सत्तापक्ष र प्रतिपक्षबिचका राजनीतिक सहमति कार्यान्वयनका सवालमा छलफल गर्न पनि सर्वदलीय बैठक आह्वान गरिएको हो ।

बैठकले प्रदेशसभाको मंगलबार बस्ने बैठकका कार्यसूचीका विषयमा पनि निर्णय गर्ने सभामुख पाठकको भनाइ छ । ११० सदस्यीय बागमती प्रदेशसभामा सात दलको प्रतिनधित्व रहेको छ । जसमा कांग्रेस ३७, एमाले २७ (उप सभामुखसहित), राप्रपा १३ (सभामुखसहित), एकीकृत समाजवादी सात, नेमकिपा तीन र हाम्रो नेपाली पार्टी दुई सांसदसहित प्रतिनिधित्व रहेको छ ।

# सिस्नेरीमा पौडी खेल्ने क्रममा डुबेर ३ बालकको ज्यान गयो



साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ मकवानपुरको उत्तरीक्षेत्रको ईन्द्रसरोबर गाउँपालिका-३ सिस्नेरी खोलामा पौडी खेल्न गएका ३ जना बालकको डुबेर मृत्यु भएको छ ।

काभ्रेको फूलबारी दाप्चाका दुई दाजुभाइ सिस्नेरी मामाघर आएका थिए । काभ्रेका दुई बालक र सिस्नेरी डोडारेका एक बालकको सिस्नेरी बजारनजिकै खोलामा पौडी खेल्ने क्रममा सोमबार अपरान्ह साढे ४ बजे डुबेर बेपत्ता भएका थिए ।

ईलाका प्रहरी कार्यालय भीमफेदी, प्रहरीचौकी सिस्नेरीका प्रहरी र स्थानीयको सक्रियतामा बाललको खोज तथा उद्दार गरी उपचारका लागि पाटन अस्पताल पठाईको जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रवक्ता प्रहरीनिरीक्षक ठाकुर प्रसाद सापकोटाले बताए ।

ईलाका प्रहरी कार्यालय भीमफेदीका प्रमुख प्रहरीनिरीक्षक ललिता ढकालले दिएको जानकारी अनुसार पौडी खेल्न गएका तीनजना बालक सिस्नेरीखोलाको पहरामा प्राकृतिक रुपमा बनेको दहमा डुबेका थिए । ईन्द्रसरोबर-३ सिस्नेरी डोडारेका श्यामबहादुर आचार्यका छोरा १४ वर्षीय सुशान्त आचार्य, काभ्रेको फूलबारी दाप्चा घरभएका १४ वर्षीय प्रमेश घोरासैनी र ११ वर्षीय प्रभात घोरासैनी पौडी खेल्ने क्रममा डुबेका थिए । डुबेर बेपत्ता भएका बालकको उद्दार गरी काठमाडौं पठाइएको प्रहरीनिरीक्षक भएको ढकालले जानकारी दिइन् ।

घोरासैनी दाजुभाइ हुन् भने आचार्य मामाका छोरा हुन् । उनीहरु सिस्नेरीखोलाको ढुंगाको ओढारमा जमेको पानीमा पौडी खेल्न गएका थिए । गत असोजमा कुलेखानी जलाशयको ओभरफ्लो ढोका खोलेर पानी छोड्दा सिस्नेरी खोलामा आएको बाढीले ढुंगाको ओढारमा दह बनेको स्थानीयले बताएका छन् ।

# बागमती प्रदेश सरकारले नयाँवर्ष २०८२ मा ४ दिन सार्वजनिक बिदा थप्ने

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ बागमती प्रदेश सरकारले नयाँवर्ष २०८२ मा ४ दिन सार्वजनिक बिदा थप्ने भएको छ । बागमती प्रदेशको सोमबार अपरान्ह मन्त्रिपरिषद बैठकले नेपाल सरकारले निर्णय गरेका बाहेक थप ४ दिन बिदा दिने भएको हो । विगतमा प्रदेश सरकारले दिँदै आएको सार्वजनिक बिदालाई क्यालेण्डरमा नै जनाउने गरी नेपाल सरकारले दिने बिदाबाहेक ४ दिनको बिदा थप गरिएको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

निर्णयसँगै विगतमा पर्व र दिवस विषेशमा बिदा दिन मन्त्रिपरिषद बैठक बस्नुपर्ने अवस्था नरहने उनले बताए । मन्त्री लामिछानेका अनुसार प्रदेश सरकारले प्रदेश कामकाजी भाषा ऐन कार्यान्वयन भएको दिन (बैशाख २४ गते), गाइजात्राको दिन साउन २५ गते, चेपाङ समुदायको न्वागी भदौ २२ गते र माझी समुदायको लदीपर्व फागुन १९ गतेका दिन सार्वजनिक बिदा दिने निर्णय भएको हो । मन्त्रि परिषदले गरेको निर्णय राजपत्रमा प्रकाशित गरेपछि कार्यान्वयनको चरणमा अघि बढ्नेसमेत उनले बताए ।

बागमती प्रदेशभरका सबै सरकारी कार्यालय, शैक्षिक संस्था र सार्वजनिक संस्थानमा बिदा लागु हुने मन्त्री लामिछानेले बताए । विगतमा प्रदेश सरकारले विभिन्न पर्व र अवसरमा ६ दिन मन्त्रिपरिषद बैठकले निर्णय गरी बिदा दिने गरिएको थियो ।

# 'पर्वहरुले मित्रता र आपसी सद्भाव वृद्धिगर्न सहयोग पुग्छ'




साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले इद (इदउलफित्र) पर्व, २०८१ को अवसरमा शुभकामना व्यक्त गर्दै पर्वहरुले मित्रता र आपसी सद्भाव वृद्धिगर्न सहयोग पुग्ने बताएका छन् ।

मुख्यमन्त्री लामाले इस्लाम धर्मावलम्बीको महान् चाड इद (इदउलफित्र) पर्वको अवसरमा सोमबार शुभकामना सन्देश जारी गर्दै नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विशेषताले भरिएको देश भएको बताए । 'अनेकतामा एकता र राष्ट्रिय स्वाभिमान हाम्रा साझा पहिचान हुन् । यहाँका प्रत्येक जातजाति र धर्मावलम्बीका आआफ्नै सांस्कृतिक महत्व बोकेका मौलिक परम्परा छन् ।' मुख्यमन्त्री लामाले शुभकाना सन्देशमा भने 'यस्ता सांस्कृतिक पर्व तथा चाडले समुदायलाई एकताबद्ध गर्न सघाउ पुर्‍याउँछ ।'

विभिन्न धर्म, भाषा र संस्कृति मान्ने समुदायलाई आआफ्ना मौलिक परम्परा र संस्कृतिको अनुसरण, संरक्षण र संवर्द्धन गर्न बागमती प्रदेश सरकार सदैव अभिभावकत्वको भूमिका निर्वाह गर्न प्रतिबद्ध रहेको शुभकामना सन्देशमा उल्लेख गरेका छन् । शुभकामना सन्देशमा भनिएको छ, पवित्र रमजान महिनामा एक महिनासम्म दिनभरको भोकतिर्खा बिर्सेर, रिसराग र स्वार्थ त्यागेर सबै ज्ञानेन्द्रीयलाई कुकर्मबाट टाढा राखी कठोर अभ्यास पूरा गरी भोलिपल्ट इद उल फित्रको खुसीयाली साटासाट गर्दै मनाउने यो पर्व इस्लाम धर्मावलम्बीको एक विशेष पर्व हो ।

मुख्यमन्त्री लामाले यस्तो चाडपर्वबाट हामीबीच नयाँ उमङ्ग र उत्साहका साथ एकअर्काको अस्तितव र उपस्थितिलाई सम्मान व्यक्त गर्दै एकआपसमा एकता तथा बन्धुत्व स्थापित गर्न सफल हुने भन्दै भविष्यमा अझ आपसी सद्भाव मित्रतामा वृद्धिको कामना गरे । उनले शुभकामना सन्देशमार्फत यस पर्वले सबै नेपालीबीच आपसी एकता, मित्रता, सहयोग र सद्भाव अभिवृद्धि गरी समृद्ध समाज निर्माण गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरेका छन् ।

# गणतन्त्रले दिएका अवसरलाई जनतामाझ लैजानुपर्नेमा रानाको जोड



साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाले जनताको छोराछोरी नेतृत्वमा आउने व्यवस्थालाई समान्ती सोच भएकाहरुले मन नपराएको बताएका छन् ।

नेकपा एमाले मकवानपुरको जागरणसभामा बोल्दै उनले संवैधानिक रुपमा चिहानमा पुर्‍याइएको राजतन्त्र फेरि ब्युतिने दुष्प्रयासमा लागेकोले त्यसलाई बिफल बनाउनुपर्ने बताए । संघीय लोकतान्त्रिक गणतन्त्रले दिएका अवसरलाई जनतामाझ लैजानुपर्नेमा उनले जोड दिए । केन्द्रीय सदस्य रानाले मुलुकलाई शान्ति स्थापना गर्न वर्तमान प्रधानमन्त्री ओली नेतृत्वको सरकार सबै शक्तिलाई राजनीतिको मूलधारमा ल्याउन सफल भएको जिकिर गरे । आफ्नो विवेकलाई नै धरौटीमा राख्ने तत्वले जनताको सार्वभौम अधिकारलाई खोस्ने काम गरिरहेको उनले बताए ।

बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले निरङकुश राजतन्त्र फेरि ल्याउने दिवासपना नदेख्न चेतावनी दिएका छन् । उनले राजावादीलाई 'तपाईहरुको राजा को हो ? कसलाई राजा बनाएर ल्याउनुहुन्छ ?' भन्दै प्रश्न गरे । पूर्वमुख्यमन्त्री पौडेलले ज्ञानेन्द्र शाह आमनागरिक मात्र भएको र राजा हुनै नसक्ने जिकिर गरे । अहिले एमाले नेतृत्वलाई असफल बनाउन विभिन्न ढंगले आक्रमण भइरहेकोले त्यसतर्फ पनि सचेत रहन उनले आग्रह गरे ।

सभा सुरुहुनु अगाडि हेटौंडा बजारको चारैतिरबाट र्‍याली निकालिएको थियो । हेटौंडाको पूर्वमा सानोपोखरा, पश्चिममा हेटौंडा हस्पिटल, उत्तरमा चौकीटोल ओरालो र दक्षिणमा फरेष्ट्री गेटसहित चार स्थानबाट र्‍याली निस्किएर मेनरोडको लोकतान्त्रिकचोकमा कोणसभा गरिएको थियो । लोकतान्त्रिक गणतन्त्रको संरक्षण र सम्वर्द्धनका लागि एमाले मकवानपुरले जागरणसभा आयोजना गरेको अध्यक्ष श्रीधर पोखेलले बताएका छन् ।

जिल्लाका १० वटै पालिकाबाट नेता, कार्यकर्ता हेटौंडामा आएर गणतन्त्रको पक्षमा जागरण गराउने काम भएको हो । गणतन्त्रमाथि भइरहेको प्रहारका बारेमा जनमानसलाई सचेत पार्नका लागि नेकपा एमालेले हेटौंडामा आयोजना गरेको जागरण सभा अन्तर्गत मनहरीबाट हेटौंडासम्म मोटरसाइक्ल र्‍याली गरिएको थियो । नेकपा एमाले मनहरी गाउँ कमिटीले व्यवस्थापनमा मोटरसाइकल र्‍याली गरिएको हो ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मानवसेवा आश्रममा दाताको उत्साह

हेटौंडा उपमहानगरपालिका–९ स्थित मानसेवा आश्रमको आयोजनामा आइतबारदेखि श्रीमद् भागवत सप्ताहज्ञानविज्ञान महायज्ञ सुरु भएको छ । मानवसेवा आश्रमको मुख्य कार्यालयमा आश्रमले १० करोड रुपैयाँको अक्षयकोष निर्माण गर्ने उद्देश्यले महायज्ञ सुरु गरेको हो । आइतबार बिहान त्रिवेणीधामबाट सुरु भएको कलाशयात्रा महायज्ञस्थल पुगेको थियो । महायज्ञको उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले व्यक्तिगत २५ हजार रुपैयाँ हस्तान्तरण गरे । मानवसेवा आश्रमले बागलुङको भवन निर्माणका लागि एकैदिन ६४ लाख ५४ हजार रुपैयाँ संकलन गरेको थियो । निर्माणाधीन भवन सहयोगार्थ एकैदिन त्यति रकम संकलन भएको छ । विसं २०७३ देखि बागलुङको शाखा स्थापना गरेर सेवा दिँदै आएको आश्रमले विसं २०७८ मा बागलुङ नगरपालिका–४ निरयघाटमा जग्गा प्राप्त गरेपछि सुविधा सम्पन्न भवन निर्माण गर्न थालेको थियो ।

हेटौंडामा जारी महायज्ञमा दाताहरुको उत्साह देखिएको छ । मानवसेवा आश्रमलाई विदेशबाट पनि पर्याप्त सहयोग भइरहेको छ । राम्रो काम गरेकै कारण आश्रमलाई हेर्ने नजर सकारात्मक रहेको छ । आर्थिक मन्दीको मारमा रहेको समाजले पनि मानवसेवा आश्रमका लागि सकेको सहयोग गरिरहेको छ । आश्रमको क्षमता अभिवृद्धि र आश्रम व्यवस्थापनलाई थप सहज बनाउन महायज्ञ गर्न लागिएको हो । महायज्ञबाट उठेको रकमबाट १० करोडको अक्षयकोष स्थापना गरिने बताइएको छ । २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको संकल्पलाई पूरा गर्नको लागि आधार तयार पार्न महायज्ञले सहयोग पुऱ्याउने विश्वास गरिएको छ । महायज्ञमा भागवत भाष्कर कमलनयन गौतमबाट कथाप्रवचन भइरहेको छ । चैत्र १८ गतेदेखि २४ गतेसम्म प्रत्येक दिन बिहान ५ बजेदेखि ७ बजेसम्म पतञ्जली योग समिति, जीवनविज्ञान, द आर्ट अफ लिभिङ, मोक्षपथ फाउण्डेशन लगायत अन्य संघसंस्थाको सहकार्यमा नि:शुल्क योग शिविर सञ्चालन हुनेछ । त्यस्तै बिहान ८ बजेदेखि १० बजेसम्म मकवानपुरका सामुदायिक, संस्थागत विद्यालयमा अध्ययनरत् कक्षा १०, ११ र १२ का विद्यार्थीसँग मनको व्यवस्थापन, सकारात्मक सोच, मानवता प्रवर्द्धनसम्बन्धी अन्तरक्रिया गरिने छ । प्रत्येक दिन साँझ ६ बजेदेखि ७:३० बजेसम्म स्थानीय कलाकारको भजनकीर्तिन र ७:३० बजेदेखि ९:३० बजेसम्म राष्ट्रिय कलाकारको भजनकीर्तिनको कार्यक्रम रहेको छ ।

मानवसेवा आश्रमले मकवानपुरको हेटौंडाबाट सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्ने अभिष्ट राखी वि.सं. २०६९ साल भदौ १३ देखि सेवा शुभारम्भ गरेको हो । हेटौंडाबाट सेवा शुभारम्भ गरेको आश्रमले हालसम्म सात प्रदेशको २० जिल्लामा २६ वटा सेवाकेन्द्र बिस्तार गरी ७७ जिल्लामा रहेका सहयोगापेक्षी मानवको उद्दार गरी सेवाप्रदान गरिरहेको छ । घरभाडा लिएर सेवा शुभारम्भ गरेको आश्रम हेटौंडा–९ लामसुरेधाप तथा जिल्लावासीको मुठीदानको सहयोग र तीनै तहका सरकारको आंशिक सहयोगबाट भवन निर्माण भई भाडाको घरबाट आफ्नै भवनमा सेवा सञ्चालन भइरहेको छ । मानवसेवा आश्रमको मुख्य कार्यालय हेटौंडा, चितवन, लमजुङ, पोखरा, बुटवल, दाङ र यसै आर्थिक वर्षमा सुर्खेतपछि बुटवल, धनगढी, सर्लाहीसहित फेरि हेटौंडामा हुन लागेको यो महायज्ञ १० औं महायज्ञ भएको आश्रमले जनाएको छ । मानवसेवा आश्रमको मुख्य कार्यालयले हालसम्म १८०२ जना उद्दार गरिसकेको छ भने हाल २४१ जना आश्रमको संरक्षणमा छन् । मुख्य कार्यालय हेटौंडाले ९२६ जनाको पारिवारिक पुनर्मिलन गरिसको आश्रमले जानकारी दिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत २० गते बुधबार २ अप्रिल २०२५ । चतुर्थी, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:५५, सूर्यास्त ६:२१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# ‘ज्ञानेन्द्रले लत्तो छाडे, उनको आवरणमा को-को छन् खोज्नुपर्छ’



✍ कृष्ण पहाडी

घोर्क्याइएको अथवा विस्थापित भएको राजतन्त्र भएकोले म पूर्वराजा ज्ञानेन्द्र भन्छु । उहाँलाई ‘राजा’ सम्बोधन गर्नु इतिहासको अपमान हो । चैत्र १५ गतेको घटना आपराधिक र नियोजित कृत्य थियो । भक्तपुरको कुनै एक ठाउँमा केही मानिसहरूलाई निश्चित पार्टी कार्यालयहरूमा आगजनी, तोडफोड र अराजकता सिर्जना गर्नेगरी तालिम दिइएको थियो । त्यो समूहले ताण्डव मच्चायो । बलात्कारमात्रै गरेनन्, बाँकी सबै कुराहरू गरे । अराजकता मार्फत् नै आफ्नो आकार सिर्जना गर्ने र दबाब सिर्जना गरेर आफ्ना कुरा मनाउन प्रयत्न गर्ने, यो एउटा नियोजित अभियानको हिस्सा थियो । यसको नेतृत्व नै पूर्वराजा ज्ञानेन्द्रले गर्नुभएको थियो । पूर्वराजा ज्ञानेन्द्र तीन प्रमुख विशेषताहरू बोकेका व्यक्ति हुन् ।

पहिलो, ज्ञानेन्द्र शाह अत्यन्त अहंकारी छन् । मैले सुनेअनुसार २०६१ सालमा इटहरी ब्यारेकमा बसेका बेला दलहरूसँग मिल्नुपर्ने सल्लाह दिनेका अगाडि उहाँले हातमा रहेको र क्सीको गिलास भुइँमा छाडेर फुटाउनुभयो र भन्नुभयो- ‘म टुट्छु तर झुक्दिनँ ।’ ज्ञानेन्द्रपथ र ज्ञानेन्द्रवादको चरित्र हो- सर्वाधिक अहंकार ।

दोस्रो, उहाँ सर्वाधिक षड्यन्त्रकारी हुनुहुन्छ । यो मैले भनेको होइन- ८६ वर्षीय पूर्वराष्ट्रिय पञ्चायत अध्यक्ष र अहिले ज्ञानेन्द्र शाहको सारथि नवराज सुवेदीले लेखेको पुस्तकमा ओमेगा घडी प्रकरणको प्रसंग छ । उहाँ व्यापारी हुनुहुन्छ र तस्करसँग साँठगाँठ छ । व्यापारका लागि जे पनि गर्नुहुन्छ । त्यस्तै, प्रकाशचन्द्र लोहनीलाई प्रधानमन्त्री बनाउन खोजेका थिए, किन सकेनन् भनेर पनि लेखिएको छ । पढेलेखेका प्रकाशचन्द्र पनि प्रधानमन्त्री पाउँछु भन्ने लोभमा अराजकताको पछाडि लाग्नुभयो । श्री ३ मोहन शमशेरको नाति जर्नेल पशुपति शमशेरलाई पनि अन्तरिम सरकारमा प्रधानमन्त्री बनाइदिन्छन् भन्ने लोभ छ । ज्ञानेन्द्रले कहाँबाट बनाउनु ? त्यसका लागि शक्ति चाहियो । शक्तिको लागि अराजकता । त्यसैले उहाँ सर्वाधिक षड्यन्त्रकारी हो ।

तेस्रो, चरम अनुदारता । २०१७ सालदेखि नै उहाँले अनुदार प्रवृत्तिका मानिसहरूलाई अगाडि सार्नुभएको छ । २०६१ सालमा तुलसी गिरी र कीर्तिनिधि विष्टलाई ल्याउनुभयो तर, राजेन्द्र लिङ्देनहरू उहाँको रडारमा हुनुहुन्न, विश्वास गर्नुहुन्न । यी चरित्र भएका मानिसले भक्तपुरको कुनै ठाउँमा तालिमहरू दिइएको थियो । मैले पोखरामै मानव अधिकार सम्बन्धी एउटा कार्यक्रममा भनेको थिएँ, ‘उहाँहरू यो मार्गमा बढ्दै हुनुहुन्छ है ! तपाईंहरू स्थिति विश्लेषण गर्नुस् । सतर्क रहनुहोस् ।’ सामाजिक सञ्जालहरूबाट स्वतन्त्रता पक्षधरहरूको चरित्रहत्याको अभियान चलाइयो । पहिला त त्यसमा कतिपयले रमाइलो मानेर लाइक गरेर बसे । यो नियोजित अभियानमा जडिबुटी प्रशोधन जस्तो कारखानामा समेत आगजनी गरियो । मिडिया हाउसहरूमा नियोजित रूपमा आक्रमण गरियो । त्यो पनि तितरबितर भएको भिडले । मेरो अनुमान- हिमालय टिभी र संचारकर्मीको पनि स्टोरी लाइनसँग उनीहरू परिचित थिए ।

‘यही ठाउँमा अघिल्लो दिन पूर्वराजाको यस्तो यस्तो हुँदैछ भनेर भविष्यवाणी गर्ने र सरकारले जिम्मेवारी लिनुपर्छ, पूर्वराजाको अभियानलाई साथ दिनुपर्छ भन्ने सञ्चार माध्यमहरूलाई किन छोएनन् त, नचिनीकन गरेको हो भने ? मैले भनेको थिएँ कि उहाँका हरेक पूर्जाहरू सक्रिय छन् । अब उहाँ यो आपराधिक कृत्यमा जानुभयो । त्यसैले पूर्वराजा ज्ञानेन्द्र मूल योजनाकार हुनुहुन्छ । चरम अनुदार वादी पूर्वराजा ज्ञानेन्द्रले अराजकतामार्फत् आपराधिक कृत्यलाई मञ्चन गर्नुभयो । प्रदर्शनमा योभन्दा ५ गुणा बढी उहाँहरूले मान्छे आउने अनुमान गर्नुभएको थियो । सुरक्षा निकायले हामीलाई साथ दिएको छ भनेर दुश्प्रचार गर्ने, अनि सरकारले सकेन भनेर अन्तरिम सरकार बनाउने, अन्तरिम सरकारमा आफ्नो सरकार हाल्ने र नयाँ अभियानमा जाने भन्ने थियो तर अब अपराधिक कृत्यमा पर्नुभयो ।

**होइन तेस्रो जनआन्दोलन**

००७ साल एउटा यज्ञ थियो, राणातन्त्र मात्रै गयो । २०४६ अर्को यज्ञ थियो, पञ्चायत मात्रै थियो । तर २०६२/६३ को आन्दोलन महायज्ञ थियो जसले राजतन्त्र पनि गयो । अहिले ती आन्दोलनहरूको अपमान गरिएको छ । कतिपयले नबुझीकन तेस्रो जनआन्दोलन लेखिदिनुभएको छ । पहिलो जनआन्दोलन त्योबेलाका कांग्रेस र माले (पछि एमाले) सहितका दलहरूले गरे । दोस्रो जनआन्दोलन माओवादीको साथमा सात दलले । त्योभन्दा अगाडि लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलनले जनपरिचालन मार्फत सारा सभाहरू गरेर गणतन्त्रको बिउ रोपेर होइन ? अब यी पक्षधरहरूले गरे भने पो तेस्रो जनआन्दोलन हुन्छ त ! त्यतिबेला कारबाही हुन नसकेका प्रतिगामीहरू अहिले बौरिइरहेका छन् । त्योबेलाका मानव अधिकार उल्लंघनकर्ता, दोषी, दमनकर्ताले तेस्रो जनआन्दोलनको नाम दिएका छन् । सुशासन प्रत्याभूत हुन र दोषीमाथि कारबाही हुननसक्दा राजनीतिक परिवर्तनपछि पुरानो व्यवस्थाका मानिस हाबी हुन पुगेका छन् । ती नालायक भए, इतिहासले खेदेका हामी महानालायकवादीले ठाउँ पाउनुपर्छ भन्ने दाबी अहिले पूर्वराजावादीहरूले गरिरहेका देखिन्छन् ।

यो अहिलेको अभियान, आपराधिक कृत्य भनेको पूर्वराजतन्त्र र पूर्वराणातन्त्रको समन्वय हो । यथेष्ट संख्यामा नभए पनि दलित, जनजाति, मधेसी, सीमान्तकृत, महिलाहरू आउनथाले र आफ्नो स्पेश समाप्त हुँदै गयो भनेर उनीहरू विचलित भएका छन् । त्यसैले उनीहरू सैन्य ड्रेस लगाएको शाही घोषणा गर्ने ज्ञानेन्द्रको फोटो राखेर राजा आऊ देश बचाउ भन्न थालेका हुन् । उनीहरू स्वतन्त्रता र सभ्यता विरोधी हुन् ।

**खतरामा संविधान**

आन्दोलनमा एउटा वर्ग निराशाका कारण स्वत:स्फूर्त रूपमा आएको छ । ढुंगा हान्ने अर्को वर्ग छ जसलाई के को लागि ढुंगा हानेको पनि थाहा छैन । त्यो नेतातन्त्रबाट आकुल भएको छ । उसले यथोचित परिवर्तन देखन सकेन । उसले राणातन्त्र पनि देखेन । २०६१ सालको आन्दोलन पनि देखेन । उसले ज्ञानेन्द्र शाहको अत्याचार देखेन । पाठ्यपुस्तकहरूमा पनि लेखिएन । उसले यी नेताहरूले पैसा बनाएको देख्यो । दिनरात भ्रष्टाचारको कुरा मात्रै देख्यो । मिडियामा भ्रष्टाचारका कुरा मात्रै आए, काण्डहरूका कुरा आए । करोडौं रूपैयाँको ब्रेकफास्ट गर्न थाले,अर्बमा लञ्च गर्न थाले, झन्डै खर्बमा डिनर गर्न थाले । त्यो प्रत्यक्ष देखियो । यस्तोमा पूर्वराजावादीहरू जो आफैं इतिहासले गलहत्याइएका नालायक महानालायकवादी हुन्, उनीहरू बरु हामी योग्य छौं भन्ने दाबी गर्न थाले । नयाँ पुस्ता भ्रममा पऱ्यो । उसलाई के लाग्यो भने यी भ्रष्ट नेताहरूभन्दा त यसैले उद्धार गरिदिन्छ कि !

केही नेताहरूको स्वेच्छाचारिता र निरन्तरताको कारण व्यवस्थामाथि प्रश्न उठेको हो, जसलाई कम आँक्नु हुँदैन । यो लोकतान्त्रिक विधिबाट समस्याको निदान गर्न नसक्दाको परिणाम हो । पार्टीको आन्तरिक लोकतन्त्रले यसलाई तह लगाउनुपर्थ्यो तर सकेन । यसमा नागरिक समाज पनि असफल भयो । कोही पार्टीको झोले भए, कोही दास भए र म जस्तो मान्छे पलायन भयो किनभने यो व्यवस्था जान्छ कि भन्ने डर भयो । यो व्यवस्था जाओस्- मेरो आत्माले मान्दैन । किनकि मैले त राजतन्त्र देखें र भोगें । २०६१ सालको प्रत्यक्ष शासन देखें । अब स्थायित्व भएन भने संविधानकै विकल्प खोज्न थालियो भने परिणाम नेपाल अन्तहीन अराजकताको दलदलमा फस्छ । हामीले यहाँ दुई फरक तप्काको चर्चा गर्नुपर्छ ।

पहिलो, एउटा घोर दक्षिणपन्थी तप्का छ, जसले यो संविधानको अवसान नभई, नच्यातिई, नजलाइकन पूर्वराजतन्त्र पुन:स्थापित हुन सक्दैन भन्ने मान्यता राख्छ ।

दोस्रो, घोर वामपन्थी तप्का छ, जसले यो संविधानको अन्त्य नभई साम्यवादी शासन व्यवस्था स्थापन हुन सक्दैन भन्ने ठान्छ । यी दुवै पक्ष संविधानको पतन चाहन्छन् । संविधानको रक्षा गर्ने भनेका खाओवादी मात्र देखिए । जसले सरकारमा भाग पाए, तिनले गणतन्त्र जिन्दावाद भने । तर यो संविधानको पूर्ण रूपमा स्वामित्व लिने शक्ति नै देखिएन । सरकारमा रहेका नेताहरूले मात्र स्वामित्व लिएको देखिँदा जनतामा गलत सन्देश गयो– गणतन्त्रका समर्थकहरू त केवल सत्ता उपभोग गर्नेहरू मात्र रहेछन् । यही विन्दुमा संविधानलाई आक्रमण गरियो ।

**अराजकता मच्चाउने शक्ति ज्ञानेन्द्रलाई कहाँबाट आयो ?**

पूर्वराजा यस लुटपाट र आपराधिक गतिविधिमा प्रत्यक्ष जिम्मेवार हुनुहुन्छ । यी सबै उहाँको योजनाअनुसार भएका षड्यन्त्र हुन् । लुटपाटमा संलग्न हुने हिम्मत उनीहरूको कहाँबाट आयो ? दक्षिणपन्थी तप्का भयानक रूपले आक्रोशित छ । अब उनीहरू कुन विन्दुसम्म जान सक्छन् र उनीहरूको प्रहार कति घातक हुन सक्छ ? दलहरू यी आक्रमणहरू थेग्न सक्नुहुन्छ कि सक्नुहुन्न ? यही मुख्य प्रश्न हो । बीआरआईमा अपारदर्शी ढंगले सम्झौता गरिसकेपछि भारतको संस्थापन फायर छ । आक्रामक छ । शुरुमा परराष्ट्रमन्त्री आरजु देउवालाई बहुत ठूलो खातिरदारी गरेको थियो । उहाँले सम्झौता गरेर गएपछि भारतीय संस्थापनले मुख पनि हेर्न चाहेन । यता, धर्मको एजेन्डा छँदैछ । भारतीय मिडियाहरूले काठमाडौंमा यत्रो अराजक र आपराधिक कृत्य हुँदा पनि जुन हिसाबले समाचार प्रोजेक्सन गर्दैछन्, अलिकति गन्ध बुझ्न सकिन्छ । त्यसलाई भजाउने प्रयत्न ज्ञानेन्द्र शाहले गर्नुभयो । यो अझै पनि डर लाग्दो छ । केही चाहिं छ । अन्तर्राष्ट्रिय फ्याक्टर अहिलेका प्रमुख दलहरूप्रति अनुकूल देखिन्न ।

यसबीचमा सेना पनि मिलिसकेको छ, केही नेताहरू पनि मिलिसके भन्ने दुश्प्रचार पनि भयो । यसरी पूर्वदरबारियाहरू त बौलाइसकेका हुन् । किनभने प्रचण्डजस्तो मान्छेले यो संविधान च्यातेर राजतन्त्र मान्नुहुन्छ भनेर प्रचार गरे । आखिर उहाँले ज्ञानेन्द्रलाई मूर्तिचोर र भाइमारा भन्नुभयो । प्रचण्डले ज्ञानेन्द्रको हैसियत र औकातअनुसार बोल्नुभयो । अप्रिय शब्द बोल्दा पनि मैले यसो किन भनेको हो भने त्यो नवीकरण त ज्ञानेन्द्रले गर्नुभयो नि त अब । किनकि मूर्तिचोर र भाइमारा भन्ने इतिहासको सम्झना यो बेला नवीकरण भयो । ज्ञानेन्द्र शाहले आफूलाई नवीकरण गर्न खोज्दा आफ्ना नकरात्मक इतिहास पनि नवीकरण भयो । किनकि भाइमारा भन्ने आवेग नभएको भए यति चाँडै गणतन्त्र आउँदैन थियो ।

**कारबाही नगर्दाको परिणाम**

दरबार छोडेर ज्ञानेन्द्र शाहले कुनै सदाशयता देखाउनुभएको होइन । नछाडेको भए जनताले खेदाइहाल्थे । संविधानसभाले निर्णय गरिसकेको थियो । आन्दोलनको राप र चापमा भएको हो त्यो । उहाँ छोडेर जानुभयो र अनुकूल परस्थितिको खोजीमा बस्नुभयो । १७ वर्षपछि उहाँलाई मुन्टो उठाउन परिस्थिति अनुकूल लाग्यो । गणतन्त्र आउनुमा ज्ञानेन्द्रको कुकर्म पनि सहयोगी भएको हो । त्यहाँ कुनै सम्झौता छैन । संविधानसभाको दुई/तीन दिनअगाडि पनि कांग्रेस-एमालेका सांसदहरू अन्यौलमा थिए । त्यो बेलाको नागरिक आवेग सम्झनुस् न । लाखौं मानिस सडकमा उत्रिएका थिए ।

ज्ञानेन्द्र शाहलाई नारायणहिटीबाट निकाल्ने बेला नै १३ पन्ने थमाउनुपर्थ्यो । अझै पनि थमाउनुपर्छ । उहाँसँग अकूत पैसा छ । सम्पत्ति विवरण भराउनुपर्छ । स्वआर्जित कति हो र पैत्रिक कति हो ? ती सम्पत्ति वैध छन् कि छैनन् ? हिन्दुस्तानलगायत विदेशी बैंकहरूमा अरबौं छ, लुकाएर राखिएका छन् । त्यो दलहरूले खोज्न सकेनन् । किनभने यसरी नै हाम्रो पनि खोजी हुन्छ भनेर उनीहरूले यो फाइल बन्द गरे । २०४७ सालपछिका सबै प्रधानमन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरौं । ज्ञानेन्द्र शाहको सम्पत्ति कति हो राज्यले विवरण माग्नुपर्छ । कर तिर्नुपर्ने तिर्नुहुन्छ । त्यो राज्यले जफत गर्न सक्ने भयो नि त ! अहिले पनि पूर्वराजा ज्ञानेन्द्र शाहलाई स्वआर्जित र पैतृक सम्पत्ति विवरण माग्यो भने बाउ-छोराकै झगडा हुन्छ । त्यसपछि ज्ञानेन्द्र शाहका सबै बेनाम सम्पत्ति राष्ट्रियकरणमा जान्छ । उहाँलाई मानवअधिकार उल्लंघनमा पनि कारबाही गर्नुपर्थ्यो, गरेनन् ।

पूर्वराजालाई जिम्मेवार बनाउने भन्ने कुरा सम्झौताको भाषा हो । उहाँलाई जिम्मेवार बनाउने भन्ने प्रश्नै आउँदैन । उहाँलाई त कारबाही गर्ने हो । किनकि उहाँले गठन गरेका समितिहरूले स्वामित्व लिनुभएको छ । नवराज सुवेदी नेतृत्वको समितिले स्वामित्व लिएको छ र दुर्गा प्रसाईंलाई कमाण्डर बनाउनुभएको छ । त्यही कमाण्डरले आएर गाडी लिएर प्रहरीलाई नै किचौंला जस्तो गरे । प्रहरीले हदै संयम अपनाएको भन्छु म । विमानस्थलमा आगो लगाइयो त्यो पनि सचेततापूर्वक । आकाशमा एक घन्टासम्म विमान होल्डमा राख्नु भनेको समग्र नेपालको नागरिक उड्डयनलाई धरापमा पार्ने कृत्य थियो । कुनै जहाजहरू दुर्घटना भएको भए के हुन्थ्यो ? यो काम निराश भएर सडकमा आएको सामान्य नागरिकले गर्दैन ।

तालिमप्राप्त दुई चार सय मानिस थिए । सबैले काम गर्न सकेनन् । भिड तितर बितर भएपछि फर्किएको तिनै तालिमप्राप्त व्यक्तिहरूले कोटेश्वरदेखि भक्तपुर फर्किने मार्गमा मात्र यो ताण्डव गऱ्यो । उनीहरू जान पाएको भए जोरपार्टीतिर पनि अराजकता मच्चाउने योजना देखिन्छ । कोटेश्वरमा मान्छे यति धेरै हुन्छन्, साँच्चैको २० हजार उत्रियो भने दुई लाख भन्न सकिन्छ । त्यसले सिंहदरबारसम्म छुन्छ भन्ने उनीहरू अनुमान थियो । मान्छे मर्नु राम्रो होइन । दुईजनाको मृत्यु भयो जुन दु:खद छ । तर संयम गुमाएर गोली चलाएको भए दर्जनौं मानिस मारिन सक्थे । प्रहरीको भिडमा गाडी नै उल्ट्याइदिन्छु भन्नु अराजकताको पराकाष्टा हो । आपराधिक कर्मको चरम कृत्य हो । आउ आउ भनेर भिडलाई भड्काइएको छ । त्यसैले एउटा नियोजित योजनाको योजनाकार ज्ञानेन्द्र शाह हुनुहुन्छ ।

पोखरामा उहाँले सडेको, गलेको, कुहेको, मक्किएको, भत्किएको त्यही राजतन्त्रको श्रीमान गम्भीर गाउनुभयो । भारतमा केही हप्ता अगाडि विहारमा मुख्यमन्त्री नितिश कुमारले राष्ट्रिय गान बजेको बेलामा हाँसे भनेर कारबाही गर्नुपर्छ भनेर बहस चलिरहेको छ । यहाँ त उहाँले कुहिएको राजतन्त्रको पुरानै गीत गाउनुभयो । जसमा कुनै दम छैन । एउटा स्वाभिमानी नागरिक्ले लेखेको र अनुमोदित राष्ट्रियगान बहिस्कार गरेर हिजोको रैतीले लेखेको गीत गाउँदा कारबाही गर्नुसक्नुपर्थ्यो । राष्ट्रिय अस्मिता र सार्वभौमसत्तालाई चुनौती दिँदै श्रीमान गम्भीर गाउने ज्ञानेन्द्रलाई तुरुन्तै कारबाही गरेर जेल नै हाल्न सकिन्छ । तर उनीहरूको त्यो ह्याउ छैन । उनीहरूले खाएका छन्, अघाएका छन्, डकारेका छन् । डकारेका भ्रष्ट मानिसहरूले कारबाही गर्दैन । सम्झौता नै गर्छन् ।

**कारबाही नगरे अराजकताको दलदलमा फस्छ देश**

ज्ञानेन्द्र शाहलाई कानुनसम्मत कारबाही गर्नुपर्छ । आपराधिक कृत्यमा जस्तो अरूलाई कारबाही हुन्छ, त्यस्तै उनलाई कारबाही हुनुपर्छ । कारबाहीको प्रक्रिया सुरु गर्नुपर्छ । अहिले पनि उहाँलाई कारबाही गरिएन भने जहाँजहाँ जान्छन् त्यो ठाउँहरूमा उहाँलाई कारबाही गर भनेर आन्दोलन उठ्नुपर्छ । हामीले नै निर्मल निवास अगाडि प्रदर्शन गर्नुपर्ने स्थितिमा पुग्नु नपरोस् । किनभने ज्ञानेन्द्र शाह ताण्डव मच्चाउने काम गर्नुभयो । जसको दोष त ज्ञानेन्द्र शाहले लिनुपर्छ । प्रहरीको गोली लागेर मारिएको त एकजना कीर्तिपुरका नागरिक हुन् जुन दु:खद छ । दर्जनौं नागरिक मरून् भन्ने थियो । शाहले तोकेको कमाण्डरले गाडीमा चढेर आओ, आओ भनेर भिडलाई उन्मादी बनाएर अगाडि बढाएको भनेको त सयौं मास आओस्, गोली चलोस् र दुई चार सय मानिस मरून् भन्ने योजना थिएन र ? त्यो नियतका साथ नियोजित तबरमा काम गरेको देखिन्छ । कहाँ यो मामुली घटना हो र ? हरेक कुरामा योजनाबद्ध गरिएको थियो । कम आँक्ने काम भयो ।

प्रदर्शनकारीको निसानामा पेरिसडाँडा र आलोकनगरका दुई राजनीतिक पार्टी कार्यालय थिए र अन्तर्राष्ट्रिय विमानस्थल पनि । सरकारले विमानस्थलको नजिक कार्यक्रम गर्न किन दियो ? बल्खुतिरै गरेको भए पनि हुन्थ्यो । यहाँ न्यायिक निकायका मानिसहरूको पनि केही कमजोरी छ । पहिला पनि मुद्दा चलेको थियो साइबर अपराधमा जुन हल्का हिसाबमा छोडियो । आज यो अवस्थामा पुग्यो । भोलि कुनै मानव अधिकारवादी, न्यायाधीश, वकिल, डाक्टरको घरमा पसेर राजतन्त्र पुनर्स्थापना भनेर बलात्कार गऱ्यो भने जिम्मेवारी कसले लिन्छ ? भिड कम भएकोमा पूर्वराजावादीहरू निरास थिए । तर उनीहरूले आफ्नो योजना लागु गर्ने प्रयत्न गरे । त्यसैले यो अपराधिक र अराजक कृत्यको मूल डिजाइनर नै ज्ञानेन्द्र शाह हुन् । उहाँलाई राज्यको सुरक्षा दिन नै जरुरी छैन । अपराधीलाई के को राज्यको सुरक्षा ? पूर्वराष्ट्राध्यक्षको हैसियतले सुरक्षा दिनुपर्छ । एक दुईजना जनपथ खटाउनुपर्छ । उनी कतै जान्छन् भने जहाँ जान्छन् त्यहींको सुरक्षा निकाय परिचालित हुनुपर्छ । बाँकी तामझाम सबै बन्द गर्नुपर्छ ।

**बन्दैछ धर्मको नाममा आन्दोलनको प्रारूप**

गणतन्त्रवादीहरूको कित्तामा पनि ठूलो सुधार आवश्यक देखिएको छ । आज यो स्थितिमा केही युवा पुस्ताले संयम गुमाए । अज्ञानको कारण । त्यसको जिम्मेवार त फेरि मूल धारका दोषी नेताहरू हुन् । बितेको दुई वर्षको मानव अधिकार संगठनहरूको रिपोर्टदेखि पत्रकारहरूका रिपोर्टहरू हेरौं- भ्रष्टाचार बाहेक अराजकता, असक्षमता, कालोबजारी बाहेक के देखिन्छ ? दण्डहीनता बाहेक के देखिन्छ ? नयाँ पुस्ता यसैमा गुम्सियो । त्यसलाई निकास दिनुपर्छ । यसको लागि सुधार आवश्यक छ । अहिले कारबाही गरेन भने देशले ठूलो मूल्य चुक्ता गर्नुपर्छ । यिनीहरू धर्मको नाममा उग्र उदण्डतावादी आन्दोलनको प्रारूप तयार गरिरहेका छन् । सोल्टी होटेलको धेरै स्वामित्व ज्ञानेन्द्र शाहको छ । यसको मेनुमा बकाइदा गाईको मासुको विज्ञापन गरिरहेको छ । यिनीहरू कति धार्मिक हुन् ? धर्म राजनीतिबाट माथि हुन्छ । धर्म सभ्यताविरोधी राजतन्त्र पुर्स्थापनाको नाममा जोडिनुहुँदैन र छिमेकको एउटा तप्का जोड्दैछ ।

विहारको चुनावमा भारतको राष्ट्रिय स्वयंसेवक संघको अध्यक्ष मोहन भागवत नेपालको सिमाना नजिक पनि जानुभयो । मुजफ्फरपुर तिर पनि जानुभयो । भाषण गर्नुभयो । भन्नलाई विहारको चुनाव भन्नुभयो तर टार्गेट नेपालतिर राखेर पनि मन्तव्यहरू आएको छ । अलि केही कुरा गडबड छ भनेर बुझ्नुपर्छ । त्यसैले हामीले खराब नेतालाई चाँडोभन्दा चाँडो विधिवत ढंगले बिदा गर्नुपर्छ । संसदीय पार्टीहरूले बिदा गर्न सकेनन् भने यो अराजकता भोलि अरु स्वरूपमा प्रकट हुन्छ ।

**ज्ञानेन्द्रलाई बालेन पत्रको अर्थ**

म स्वतन्त्रताको पक्षपाती मानव अधिकारकर्मी हुँ । अदालतका निर्णयहरू पनि हेर्नुपर्छ । विधिको शासनमा कतिपय शैलीहरू स्वेच्छाचारी हुन्छन् भने त्यसलाई हामी लोकप्रियताको नाममा समर्थन गर्न सक्दैनौं । तर बालेन शाहले एउटा कुरा चाहिं गज्जब जवाफ दिनुभयो । उहाँ मेयर हुनुहुन्छ र पक्ष-विपक्षमा जनमत हुन्छन् । केही प्रयास गर्दै हुनुहुन्छ । बालेन शाहको नाम पनि राजावादीको आन्दोलनमा सहयोग गर्दैनुहुन्छ भन्ने दुश्प्रचार गरेको देखिन्थ्यो । यी त अराजकतावादी हुन् जसले एकैचोटि गएर पसल मात्रै लुटेको छैन, औषधि कारखानामा आगो मात्रै लगाएको छैन, वैचारिक रूपमा पनि अराजकता मच्चाएका छन् । त्यसको जवाफ बालेनले दिनुभयो । ज्ञानेन्द्र शाहले पौने आठ लाख जति जरिवाना गरेर एउटा कुरा चाहिं गर्नुभयो । यसको मास्टरमाइन्ड र मूल दोषी तपाईं हो भन्ने चाहिं बालेन्द्र शाहले भन्नुभयो । यो कुरा महत्वपूर्ण छ । उहाँका शैली कानुनबमोजिम ठिक छ कि छैन, छुट्टै प्रश्न होला । त्यसैले अब बालेन्द्र शाहले जस्तै हरेक ठाउँमा ज्ञानेन्द्र शाहका मतियारहरूलाई प्रश्न गर्नुपर्छ- काठमाडौं लुटपाट कसले गराएको हो ? कारबाही गर्नुपर्छ कि पर्दैन ? पत्रकार मारिए, कसका कारणले ?

*(साभार: अनलाइनखबर)*

# आम आक्रोशलाई सदुपयोग गर्ने रविको चेष्टा

काठमाडौं/साढे पाँच महिनापछि पार्टी जीवनमा फर्किंदा रास्वपा सभापति रवि लामिछाने आफ्नो वाक्पटुतासहित वनस्थली कार्यालयमा उपस्थित थिए । उनले आफू र आफ्नो दल वर्तमान प्रणालीको पक्षमा रहेको जिकिर गरे, तर स्थापित पुराना दलहरूको कित्तामा भने नउभिने ठोकुवा गरे । सहकारी संस्थाहरूमा बचतकर्ताहरूको रकम अपचलन अभियोगमा लामो हिरासत तथा अदालती बयानबाजीका बेला लामिछाने पार्टी जिम्मेवारीमुक्त थिए । उनको सांसद पद अझै निलम्बित छ । अनि सहकारी ठगीसम्बन्धी अभियोगमा धरौटी बुझाएर हिरासतमुक्त बने पनि उनले अदालती मुद्दामा सफाइ पाएका छैनन् ।



तर सोमबारको सुरुवात भने उनले आफूमाथि सहकारी बचतकर्ता नागरिकहरूले लगाएका अभियोगबाट थालेनन्, बरु राष्ट्रिय राजनीतिका मुद्दाहरूमा आफूलाई स्पष्ट उभ्याउने जमर्को गरे । उनले आफू र दल संविधानको पक्षधर भएको बताए । लामो समयपछि पार्टी कार्यालयमा पुगेका उनलाई स्वागत गर्न भेला भएका नेता कार्यकर्तालाई लामिछानेले संविधान र व्यवस्थालाई स्विकारेर दल गठन गरेको सुनाए ।

परिवर्तनलाई स्वीकार गरेर आएको दल रास्वपा भएको भन्दै लामिछानेले थपे, 'वर्तमान संविधान, व्यवस्था, परिवर्तनलाई स्वीकार गरेर आएको राजनीतिक दल हो, रास्वपा । कतिपटक सुन्न चाहनुहुन्छ ?' लोकतन्त्रभन्दा उन्नत व्यवस्था केही नभएको उनले सुनाए । अनि गणतन्त्र व्यवस्थाको आडमा कांग्रेस र एमालेले लुटतन्त्र मच्चाएको आरोपसमेत लगाए । लामिछाने यसअघि एमालेकै सहयोगमा दुईपल्ट गृहमन्त्री भइसकेका छन् ।

गणतन्त्रवादी भन्ने दलहरूले वास्तविक गणतन्त्रको अभ्यास नगरेर त्यसको खोल मात्रै ओडेको लामिछानेले आरोप लगाए । 'जहाँ तपाईं उभिरहनु भएको छ । त्यो गणतन्त्र नभएर लुटतन्त्रको खोल ओडिरहनु भएको छ । रास्वपाले खोल ओड्दैन,' लामिछानेले भने, 'तपाईंको कर्तुत लुकाउन लागि तपाईंको कित्तामा उभिएर फोटो खिचाउने रहर रास्वपालाई छैन ।' पार्टी बैठकमा बोल्दै गर्दा लामिछानेले गणतन्त्र भनेको ओलीतन्त्र र देउवातन्त्र नभएको बताए । गणतन्त्रमा पनि सुधारको आवश्यकता रहेको बताउँदै लामिछानेले भने, 'गणतन्त्र भनेको जनताको तन्त्र हो र त्यो झन्डा हामीले बोक्छौ ।'

वर्तमान सरकारप्रति आक्रोशित सुनिएका लामिछानेले सत्तापक्षले संघीय गणतन्त्रको आडमा लुटतन्त्र मच्चाइरहेको र त्यसको खबरदारी रास्वपाले मात्रै गर्ने दाबी गरे । नेपाली कांग्रेस र नेकपा एमालेलाई वर्तमान सरकार सफल नहुने दाबी गर्दै दुई दललाई आरोपलाई अन्यथा नलिन आग्रह गर्दै भने, 'दुईटा चोर मिलेर साधु हुँदैन ।' संविधान संशोधन गर्ने भनी गठन भएको सरकार संविधान फेल हुने आशंका गरेका लामिछानेले वर्तमान सत्तालाई चेत नभएको बताए ।

पछिल्ला दिनहरूमा राजावादीहरूको प्रदर्शनमा आएका जनतामा राजतन्त्रको पक्षमा मात्रै नभएको लामिछानेको बुझाइ छ । १५ चैतमा तीनकुनेमा भएको घटनाको शिक्षा लिएर आफ्नो कमजोर लुकाउने प्रयास नगरोस् भन्दै उनले सरकारलाई चेतावनी दिए । गृहमन्त्री रमेश लेखकप्रति आक्रोशित लामिछानेले ४ हजार व्यक्ति प्रदर्शनमा आउँदा सुरक्षा कायम राख्न नसकेको बताए । 'म पनि गृहमन्त्री भएको व्यक्ति हो । ४ हजार मान्छे आउँदा पनि जनतालाई जोगाउन नसक्ने गृहमन्त्री के नैतिकताले कुर्चीमा बसेको मलाई थाहा छैन,' लामिछानेले भने । पार्टी बैठकमा धारणा राख्ने क्रममा पनि लामिछाने गृहमन्त्रीप्रति तिव्र असन्तुष्टि पोखे । नख्खुमा बाढी पहिरोको उद्धारको पर्खाइमा रहेका ४ नागरिक बचाउन भिजिबिलिटी नपुगेको गृह मन्त्रालयले तीनकुनेमा ४ हजारलाई मानिसलाई सम्हाल्न नसकेको बताए ।

सडकमा देखिएको असन्तुष्टि सत्तामा रहेका दललाई दण्डित गर्नका लागि आएको लामिछानेले बताए । 'सडकमा आएको आक्रोश राजालाई विश्वास गरेर मात्रै आएको होइन, यिनीहरूलाई दण्डित गर्नपर्छ भनेर आएको हो । जसले दण्डित गरेपनि हुन्छ भनेर आएको हो,' लामिछानेले भने, 'मलाई थाहा छैन बाहिर आएका मान्छेहरू कति राजावादी हुन् । कतिले राजालाई मानेर आएका हुन् मलाई थाहा छैन । तर, यिनको नेतातन्त्र अन्त्य हुनुपर्छ भनेर आक्रोश पोख्न आएका हुन् भन्ने मलाई थाहा छ ।' जनताको आक्रोशलाई नजर सत्तापक्षले नजर अन्दाज गरिरहेको तर सडकमा देखिएको आक्रोशबाट तातो सेक्ने पक्षमा आफू नभएको उनको जिकिर थियो ।

संसद्मा प्रतिपक्षविहीन जस्तै रहेको उनले सुनाए । 'सदन प्रतिपक्षीय भूमिका खेल्नेमा यतिखेर सशक्त दह्रो प्रतिपक्षको आवश्यकता छ । यदि तपाईंको इन्टेन्सन लोकतन्त्र बचाउने हो भने । यतिखेर प्रतिपक्षीय मोर्चा बलियो हुन जरुरी छ ।'

सरकारको औचित्य सकिएको दाबी गरेका लामिछानेले दुई दलले संसद्बाट अर्को सरकार बनाउने विकल्प समेत नहुने अवस्था बनाएको बताए । प्रधानमन्त्री पदको अफर आए पनि त्यसलाई त्याग गरेको लामिछानेले फेरि पनि दाबी गरे । संसद्मा २१ जना रास्वपाका सांसदको उपस्थित भएपछि पुराना दलफ सच्चिएलान् भन्ने आशा राखेपनि आफूलाई ती दलले सुधार नगरेको उनले बताए । सिंहदरबारमा घण्टी बजाउन आफूहरू लागेपनि घण्टी फुटाउनतिर वर्तमान सत्तापक्ष लागेको उनको आरोप थियो ।

**सरकारबारे उत्तेजक अभिव्यक्ति**

करिब १८ मिनेट केन्द्रीय कार्यालयको प्राङ्गणमा विचार राखेका लामिछानेले भावनात्मक अभिव्यक्ति समेत व्यक्त गरेका थिए । वर्तमान सरकारले जिउँदै छोड्नु नै आफ्नो जित भएको बताएका लामिछानेले सरकारले आफ्नाविरुद्ध गर्ने षडयन्त्रको शिलशिला नसकिएको बताए । सरकारले झुठा मुद्दा लगाएर पार्टी कार्यालयबाट पक्रिएको बताउँदै भने, 'सरकारको षडयन्त्रको शिलशिला सकिएको छैन । तर, कुनै दिनमा पनि हार मानेको थिएन, हार मान्ने छैन ।'

जुनसुकै परिस्थितिको सामना गर्ने गरी राजनीतिमा आएको उनले सुनाए । २४ माघबाट अदालती प्रक्रियामा धाइरहन नपरेपनि लामिछाने मौनप्राय थिए । देशमा विकसित घटनाक्रमले तरंगित हुँदा समेत उनले आफ्ना धारणा बाहिर ल्याएनन् । लामिछानेका अनुसार उनी केही समय अझै शान्त र विश्राम लिने सोचेमा थिए । आफ्नो मौनतालाई फाइदा उठाउँदै पर्सामा मुद्दा प्रक्रियामा नलगेको बताए । 'यिनलाई लागेको थियो होला, यसको टाउको एउटा तरबार लगाए त यो चुपचाप बस्छ । यो डराउँछ । शीरमाथि राखेको तरबार खसाल,' चेतावनीको शैलीमा लामिछानेले भने, 'म थाप्न तयार छु । लड्छु-लड्छु । जुनसुकै शक्तिसँग पनि म लड्छु ।' सोमबार देखि सभापति पदमा सक्रिय हुन लागेका उनलाई पार्टी कार्यालय पुग्दा नेता कार्यकर्ताहरूले स्वागत गरेका थिए ।

**मतदाता फकाउने प्रयास**

चितवन २ बाट निर्वाचित भएका लामिछानेले त्यहाँका जनतालाई आफ्ना कुरा विस्तारमा राख्ने बताए । रास्वपाले आगामी शनिबार चितवनमा गर्ने सभामा लामिछानेले सम्बोधन गर्ने भएका छन् । चितवनले आफ्ना लागि २/२ पटक लाठी र अश्रुग्यास खाने परिस्थिति बनेको हुँदा त्यहाँ विस्तृत विचार राख्ने लामिछानेले बताए । चितवनबाट मध्यरातमा पोखरा पुऱ्याएको विषयलाई त्यहाँका जनतालाई सुनाउनुपर्ने रहेको उनले सुनाए ।

'८४ दिन यिनले मलाई के गरे, चितवनका जनतालाई बताउनुछ । मध्यरातमा दासढुङ्गाको बाटो कुन नियतले लगे मैले जनतालाई बताउनु छ,' लामिछानेले भने । वर्तमान सरकार कसरी बन्यो र अघिल्लो सरकार कसले ढलाए त्यसबारेमा जानकारी गराउने बताए । लामिछानेले भने, 'के-के षडयन्त्र गरे । कस्को हातमा हत्कडी लाग्नुपर्ने थियो । कसको हातमा हत्कडी लाग्नपर्ने थिएन, चितवनलाई बताउन चाहन्छु ।'

*(स्रोत: अनलाइनखबर)*

# सुशान्तले गाएको 'कर्मा'को 'पागल' गीत रिलिज





काठमाडौं/गायक सुशान्त केसीको स्वरमा रहेको फिल्म 'कर्मा'को 'पागल' बोलको गीत सार्वजनिक गरिएको छ । गायक केसीकै युट्युब च्यानलबाट सोमबार सार्वजनिक गीतमा उनी स्वयंको शब्द तथा संगीत छ । उनले फिल्मका लागि पहिलो पटक गीत गाएका हुन् । केही दिनअघि गीतको टिजर सार्वजनिक भएदेखि यसको हुकलाइन 'म पागल पागल जस्तै' दर्शकमाझ लोकप्रिय बनिरहेको छ ।

फिल्मका मुख्य अभिनेता विपिन कार्की र अभिनेत्री उपासना सिंह ठकुरीमाथि फिल्मांकन गरिएको गीतको भिडियोमा गायक केसी पनि फिचर्ड छन् । विपिन र उपासना बीचको प्रेमलाई भिडियोमा चित्रण गरिएको छ । एकले अर्काको आँखामा देखेको प्रेमको गहिराइलाई सुशान्तले गीतमा उतारेका छन् । गीतको शब्द तथा लय सुशान्तको आफ्नै फ्लेबरमा छ ।

नयाँ वर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा विपिन र उपासनासहित मुकुन भुसाल, दिब्यदेब, सरिता गिरी, बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मा लगायतको अभिनय छ । यसमा विपिन एक्सन भूमिकामा छन् । मुकुनलाई भने नकारात्मक भूमिकामा देख्न सकिनेछ ।

सौरभ चौधरीको निर्देशन तथा वसन्त लम्सालको लगानीमा तयार भएको 'कर्मा'मा भाष्कर स्वाँरको संगीत निर्देशन, कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, निमेष श्रेष्ठको सम्पादन तथा उत्तम न्यौपानेको ब्याकग्राउन्ड स्कोर छ । यो फिल्ममा चर्चित गायक दुर्गेश थापाको पनि गीत समावेश गरिएको छ । उनको गीत अर्को साता सार्वजनिक गरिने जनाइएको छ ।

# जेठ ९ मा 'नरसिंहा अवतार', फर्स्टलुकमा यस्ता देखिए राजेश हमाल

काठमाडौं/दीवाकर भट्टराईको निर्देशनमा बनेको फिल्म 'नरसिंहा अवतार' आगामी जेठ ९ गतेबाट प्रदर्शनमा आउने भएको छ । सोमबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको हो । यसअघि फिल्मलाई चैत २९ गते प्रदर्शन गर्ने तयारीमा निर्माण टिम थियो । तर, उक्त मितिमा अरु दुई एक्सन फिल्म पनि आउने भएपछि 'नरसिंहा अवतार'लाई २ महिना पछाडि सारिएको हो ।




नरसंहारको दृश्य समावेश पोस्टरमा अभिनेता राजेश हमाल चित्रित छन् । भूईंमा घाइते भएर लडेका एक व्यक्तिको छातीमाथि खुट्टा राखेर उभिएका उनको अनुहारमा रिसको आवेग देखिन्छ । भूईंभरि यत्रतत्र छरिएका लासहरू छन् । र, पृष्ठभूमिमा भगवान् विष्णुको चौंथो र उग्र अवतार मानिने नरसिंहाको क्रोधित तस्वीर राखिएको छ । यसबाट फिल्म पूर्ण एक्सनप्रधान रहेको प्रष्ट हुन्छ ।

'नरसिंहा अवतार' हमालको ८ वर्षपछिको कमब्याक फिल्म हो । यसैले पनि उनका लागि यो फिल्म विशेष छ । उनले यसपटक आफूलाई दर्शकले एकदमै फरक अवतारमा देख्न पाउने बताएका छन् । उनका अनुसार यो फिल्म दर्शकका लागि ठूलो सरप्राइज हुनेछ । छायांकनको क्रममा बाहिरिएका तस्वीर तथा भिडियोबाट उनी फिल्ममा प्रहरीको भूमिकामा रहेको खुलासा भैसकेको छ ।

फिल्ममा हमालसहित सरोज खनाल, राज कटुवाल, नीति शाह, सनिषा भट्टराई, उषा खड्गी, अर्जुन श्रेष्ठ, प्रशान्त ताम्राकार, नीर शाह, रमेश चन्द सोडारी, प्रकाश कुँवर, राजिभ जंग बस्नेत, दीपा शाही, अमित गिरी, एभेलिना खड्का लगायतको अभिनय छ । नेम महर्जन, दीपक शर्मा ढकाल, नरेन्द्र महर्जन र ध्रुव न्यौपानेको लगानीमा तयार भएको फिल्ममा चन्द्र पन्तको द्वन्द्व निर्देशन छ ।

# भव्य 'टिमुरे सुक्खा बन्दरगाह' : कच्ची राजमार्ग

काठमाडौं/रसुवाको टिमुरे सुक्खा बन्दरगाह निर्माण अन्तिम चरणमा पुगेको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार बन्दरगाह निर्माण ७५ प्रतिशत सम्पन्न भइसकेको छ । गोसाइँकुण्ड गाउँपालिका-२ मा डेढ अर्ब लगानीमा निर्माण भइरहेको यो भव्य संरचना निर्माण अन्तिम चरणमा पुगे पनि त्यहाँसम्म पुग्ने सडक कच्ची हुँदा जोखिम कायमै रहने देखिएको छ ।

हालै मन्त्रालयको एक टोलीले टिमुरे नाकाको स्थलगत अध्ययन गरी प्रतिवेदन मन्त्रालयमा बुझाएको छ । प्रतिवेदन अनुसार गल्छी-स्याफ्रुबेंसी ६७ किलोमिटर सडक अन्तर्गत बेत्रावती-स्याफ्रुबेंसी खण्डमा ट्र्याक खोल्ने मात्र काम भएको छ । उता, स्याफ्रुबोसी-सुक्खा बन्दरगाह-नेपाल-चीन सीमासम्मको सडकको लम्बाइ १४ किलोमिटर छ । जसमध्ये स्याफ्रुबेंसी-सुक्खा बन्दरगाह ११ किलोमिटर र सुक्खा बन्दरगाहदेखि सिमानासम्मको सडक ३ किलोमिटर छ । यो सडक निर्माण सम्झौता भइसकेको भए पनि समय लाग्ने छ ।

स्याफ्रुबेंसी बजार क्षेत्रमा साइट क्लियरेन्स, राइट अफ वे र वातावरणीय प्रभाव मूल्यांकनका विषय समाधान गरी समयमै पूर्वाधार निर्माण सक्ने काम चुनौतीपूर्ण रहेको अध्ययन टोलीले निष्कर्ष निकालेको छ । 'भौगोलिक जटिलताका कारण निर्माण प्रक्रिया कठिन हुन सक्ने हुँदा नेपाल-चीन समन्वय प्रभावकारी बनाउन आवश्यक छ,' टोलीको निष्कर्ष छ ।

यो बन्दरगाह चिनियाँ कम्पनी तिब्बत फु ली कन्स्ट्रक्सन कम्पनी लिमिटेडले निर्माण गरिरहेको छ । यसको निर्माण २० नोभेम्बर २०१९ देखि सुरु भएको थियो । काम २० मे २०२२ मा सक्नुपर्ने थियो । तर, कोभिड महामारी सहित कारण देखाउँदै समयमै काम नभएपछि म्याद थप गरिएको छ ।

अहिले आयोजनाको म्याद ६ जुन २०२५ सम्म छ । यो समयभित्र सुक्खा बन्दरगाह निर्माण भइसक्ने नेपाल इन्टरमोडल यातायात विकास समितिले जनाएको छ । यहाँ अहिले अधिकांश भौतिक संरचना निर्माणको काम सम्पन्न भई फिनिसिङ तर्फको काम भइरहेको छ ।

अध्ययन प्रतिवेदनले देखाए अनुसार काठमाडौं तथा अन्य क्षेत्रबाट रसुवागढी नाकासम्म पुग्ने सडक ठाउँ-ठाउँमा जीर्ण अवस्थामा रहेको छ । यसले मालवाहक सवारी साधन आवागमनमा समस्या देखिएको छ । यसले भारतीय सीमासम्मको नाकाको तुलनामा रसुवागढी नाकाको ढुवानी लागत ३/४ गुणासम्म महँगो परेको समेत देखिएको छ ।

साँघुरो सडकका कारण बेलाबेला नाका क्षेत्रमा सवारी साधनको लामो लाइन लाग्दा समस्या हुने देखिएको छ । अध्ययन प्रतिवेदनमा भनिएको छ, 'विद्यमान् सडक मर्मत तथा प्रस्तावित नयाँ करिडोर निर्माण शीघ्र बनाउन सम्बद्ध सरकारी निकायबीच प्रभावकारी समन्वयको खाँचो देखिएको छ ।'

प्रतिवेदन अनुसार पासाङल्हामु सडक मर्मत अहिले सुस्त गतिमा भइरहेको छ । यसलाई छिटो गर्न टोलीले सुझाव दिएको छ । जसले व्यापार लागत घटाउन भूमिका खेल्ने छ । यस सडकमा पर्याप्त बजेट व्यवस्थापन र ठेक्का प्रक्रिया द्रुत गतिमा अगाडि बढाएर गुणस्तरीय मर्मत गर्न समेत भनिएको छ ।

बेत्रावती-स्याफ्रुबेंसी करिडोर सडक निर्माणको काम छिटो सक्नुपर्ने सुझाव टोलीले दिएको छ । टोलीले दिएको सुझावमा छ, 'निर्माणको काम तत्काल सुरु गर्दै सम्भावित अवरोध ध्यानमा राखी कार्ययोजना बनाउनुपर्छ ।'

स्याफ्रुबेंसी-टिमुरे खण्ड भने चिनियाँ सरकारको सहयोगमा निर्माण हुनेछ । यो परियोजना छिटो सक्न तत्काल कूटनीतिक माध्यमबाट छलफल र समन्वय गर्न भनिएको छ । टिमुरे क्षेत्रमा ११ मिटर राइट अफ वे कायम गर्ने सहमति भएकाले नेपाली पक्षले साइट क्लियरेन्स लगायत प्रारम्भिक काम तत्काल सक्न समेत टोलीले सुझाव दिएको छ ।

अर्कातर्फ, यो संरचना अधिक प्राकृतिक विपद्का कारण समेत समस्यामा आउने भौगोलिक क्षेत्र हो । सुक्खा बन्दरगाहको यार्ड नजिकै भोटेकोशी नदी छ । वर्षायाममा बढ्ने पानीको बहाब मध्यनजर गरी विपद् प्रतिरोधी संरचना निर्माण आवश्यक रहेको समेत प्रतिवेदनमा औंल्याइएको छ । निर्माणाधीन प्रशासकीय भवनभन्दा माथिको सडक किनारमा पहिरोको उच्च जोखिम छ ।

अहिले निर्माणाधीन अवस्थामा रहेको सुक्खा बन्दरगाहमा नै कन्टेनर र सवारीसाधन राख्नु परेको समेत देखिएको छ । घेराबार नभएका कारण बन्दरगाहको यार्डमा राखिएका व्यापारिक सामानको सुरक्षा चुनौती समेत देखिएको छ । आयात भएका कयौं विद्युतीय सवारी साधन सीमा नाकादेखि टिमुरे बजार क्षेत्रसम्मको सडक किनारमै यत्रतत्र राखिएको समेत अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

'निर्माणाधीन बन्दरगाहसम्मको पहुँच तथा बहिर्गमन सडक निर्माणको विषय हालको ठेक्का प्रक्रियामा नभएको अवस्था छ । उक्त सडक निर्माण नहुँदा र हिउँदको बेलामा हिलो र धुलोको समस्या आउने भएकाले यसको शीघ्र सम्बोधन हुन जरुरी छ ।'

*(स्रोत: अनलाइनखबर)*

# अश्वनी कुमार डेब्यूमै चम्किँदा मुम्बईको पहिलो जित

काठमाडौं/अश्वनी कुमारले डेब्यूमै शानदार प्रदर्शन गरेपछि मुम्बई इन्डियन्सले इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेट २०२५ मा पहिलो जित निकालेको छ । सोमबार भएको खेलमा कोलकाता नाइट राइडर्सलाई ८ विकेटले हराउँदै पहिलो जित हात पारेको हो ।



आईपीएलको पहिलो खेल खेल्दै गरेका अश्वनीले ४ विकेट लिएपछि कोलकाता ११६ रनमै अलआउट भएको थियो । ११७ रनको लक्ष्य मुम्बईले १२.५ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो ।

ओपनर रायन रिकेल्टनले अविजित अर्धशतक बनाए । उनी ६२ रनमा अविजित रहे । सुर्यकुमार यादव २७ रनमा अविजित रहे । विल ज्याक्सले १६ तथा रोहित शर्माले १३ रन बनाए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको कोलकाताले १६.२ ओभरमै अलआउट हुँदै ११६ रन बनाएको थियो । अंकृश रघुवंशीले सर्वाधिक २६ तथा रमनदीप सिंहले २२ रन बनाए । मनिष पाण्डेले १९ तथा रिंकु सिंहले १७ रन बनाए । मुम्बईका अश्वनीले ३ ओभरमा २४ रन दिएर ४ विकेट लिए । दीपक चहरले २ तथा ट्रेन्ट बोल्ट र कप्तान हार्दिक पाण्ड्याले १-१ विकेट लिए ।

पहिलो जितसँगै मुम्बईले ३ खेलमा २ अंक जोड्दै अंकतालिकामा छैटौं स्थानमा उक्लिएको छ भने कोलकाता पनि समान खेलबाट समान अंकसहित नेटरनरेटका आधारमा पुछारमा छ ।

# शान्ति प्रक्रियामा राष्ट्रसंघको चासो

काठमाडौं/नेपालस्थित संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि हाना सिंगरले नेपालको संक्रमणकालीन न्यायको प्रक्रिया अघि बढाउन भइरहेको प्रगतिबारेरे चासो व्यक्त गरेकी छन् ।

आवासीय प्रतिनिधि सिंगरले प्रधानमन्त्री केपी शर्मा ओलीलाई वालुवाटारमा भेटेर संक्रमणकालीन न्यायको काम अघि बढाउन भइरहेको क्रियाकलापबारे जानकारी लिएकी हुन् ।

त्यसक्रममा उनले संक्रमणकालीन न्यायका काम अघि बढाउन आवश्यक पर्ने सहयोग र सहजीकरणका लागि संयुक्त राष्ट्रसंघ तयार रहेको जानकारी दिएको प्रधानमन्त्री ओलीका मानव अधिकार तथा संक्रमणकालिन न्यायसम्बन्धी सल्लाहकार अग्नि खरेलले जानकारी दिए ।

नेपालको शान्ति प्रक्रिया अघि बढाउने कामवारे संयुक्त राष्ट्रसंघले चासो दिइरहेको उल्लेख गर्दै उनले छिट्टै दुई आयोग गठन भएर अरु प्रक्रिया अघि बढ्नेमा आफू आशावादी रहेको बताइन् ।

सरकारले अघिल्लो साता संक्रमणकालिन न्यायसम्बन्धी दुई आयोग गठनका लागि सिफारिस गर्न पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा सिफारिस समिति गठन गरेको थियो ।

समितिले पूर्णता पाएपछि आईतबार औपचारिक रुपमा काम सुरु गरेको छ । आइतबार प्रधानमन्त्री ओलीका सल्लाहकार खरेल अग्नि, कानुनमन्त्री अजय चौरसिया समेतको उपस्थितिमा परिचयात्मक कार्यक्रम भएको थियो । त्यसलगत्तै आईतबार नै समितिको औपचारिक बैठक समेत बसेको छ । सरकारले कानुन मन्त्रालयमा समितिको सचिवालय स्थापना गरेको छ ।

# अपेक्षित हुन सकेन 'सिकन्दर'को ओपनिङ, फ्लपको भय !

काठमाडौं/कुनै बेला बलिउडमा 'हिट मेसिन' मानिएका अभिनेता सलमान खानको विगत सात वर्ष अर्थात् सन् २०१८ देखि कुनै फिल्मले अपेक्षित व्यापार गर्न सकेका छैनन् । गत वर्षको तिहारमा प्रदर्शन भएको हिट फ्रेन्चाइज 'टाइगर'को तेस्रो श्रृंखलालाई समेत लगानी उठाउन मुस्किल परेको थियो । त्यसअघि आएका 'रेस ३', 'किसीका भाई किसी की जान' जस्ता फिल्म पनि व्यापारमा औसत रहे ।

इदको छेको पारेर आइतबार अर्थात् चैत १७ गतेबाट प्रदर्शनमा आएको सलमानको नयाँ फिल्म 'सिकन्दर'लाई पनि हिट हुन मुस्किल पर्ने देखिएको छ । प्रदर्शनपूर्व राम्रो 'हाइप' बनाएको फिल्मले ४० करोडमाथि ओपनिङ गर्न सक्ने प्रक्षेपण गरिएको थियो । तर, पहिलो शोबाटै खराब प्रतिक्रिया आउन थालेपछि दर्शकहरु भड्किएका छन् । जसले गर्दा ओपनिङ पनि प्रभावित बनेको छ ।

ट्रेड एनालिस्ट तरण आदर्शका अनुसार फिल्मले पहिलो दिन ३० करोड ६ लाखको व्यापार गरेको छ । यो नेट व्यापार हो । उनले फिल्मको ओपनिङ निराशाजनक नभए पनि अपेक्षाभन्दा तल रहेको बताएका छन् । उनका अनुसार 'मास बेल्ट'मा फिल्मले तुलनात्मक रुपमा राम्रो व्यापार गरेको छ । सोमबार इदको विदामा भने व्यापारमा उछाल आउन सक्ने उनको अपेक्षा छ ।

फिल्मलाई दर्शकीय प्रतिक्रिया र समीक्षा खराब मिलेको छ । दर्शकहरुले सलमानको करि अरकै कमजोर फिल्म भनेका छन् भने समीक्षकहरुले म्यासेज राम्रो भए पनि पटकथादेखि कलाकारको अभिनयसम्म हदै कमजोर रहेको समीक्षामा उल्लेख गरेका छन् । भारतका प्राय: मिडियाले फिल्मलाई बढीमा २ रेटिङ दिएका छैनन् । यसैले केही दिनमै फिल्मले हलमा दम तोड्न सक्ने देखिन्छ ।

'गजनी' निर्देशक एआर मुरुदासले निर्देशन रहेको फिल्ममा सलमानको जोडी अभिनेत्री रश्मिका मन्दानासँग बाँधिएको छ । उनीहरु श्रीमान्-श्रीमतीको भूमिकामा छन् । फिल्मको मुख्य भिलेनमा 'बाहुबली'का 'कटप्पा' अर्थात् सत्यराज छन् । प्रतीक बब्बर, काजल अग्रवाल, अन्जिनी धवन, शरमन जोशीको पनि अभिनय रहेको यो फिल्मलाई साजिद नाडियाडवालाले निर्माण गरेका हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# कारवाहीको माग गर्दै मुख्यमन्त्री र प्रजिअलाई ज्ञापनपत्र



साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति र जिल्ला शाखा मकवानपुरले पत्रकार हत्यामा संलग्नलाई कारवाही गर्न माग गरेको छ ।

सोमबार बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा र मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठलाई भेटी मकवानपुरका पत्रकारले ध्यानाकर्षणपत्र बुझाउँदै दोषीलाई कारबाहीको माग गरेका हुन् । मुख्यमन्त्री लामालाई ध्यानाकर्षणपत्र बुझाउँदै प्रदेशका उपाध्यक्ष हरि हुमागाईंले राजावादीको प्रदर्शन उग्र बन्दा समाचार संकलनका क्रममा पत्रकारको हत्या र आमसञ्चारमाध्यममा आक्रमण हुनु दुःखद भएको बताए । उनले शुक्रवारको घटनामा एभिन्युजका पत्रकार सुरेश रजकको मृत्यु नभई हत्या भएको दाबी गरे ।

पत्रकार हत्या, कुटपिट र सञ्चारगृहमा भएको आगजनी तथा तोडफोडका घटनामा संलग्न जो कोहीलाई तत्काल पक्राउ गरी दोषीलाई कडा भन्दा कडा कारबाही र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्न माग गरे । यस्तै मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीले राजनीतिक मुद्दाका आडमा पत्रकार र सञ्चारमाध्यममाथिको आक्रमण नियोजित रुपमा भएको र यस्तो निन्दनीय कार्यको पत्रकार महासंघ मकवानपुरले घोर भर्त्सना गर्ने बताए । उनले नागरिक समाजको अग्रणी संस्थाको रुपमा रहेको पत्रकार महासंघ राजनीतिक रंगमा हुने अवाञ्छित र अराजक गतिविधि सदैव विरोधमा रहेको उल्लेख गर्दै दोषीउपर कडा कारबाहीको माग गरे ।

ध्यानाकर्षणपत्र बुझ्दै मुख्यमन्त्री लामाले आमसञ्चार क्षेत्र र प्रदेश सरकार दुवै लोकतन्त्रको अभिन्न अंग हुनुका साथै एकअर्काको परिपूरक भएकाले राजावादीको नाममा सञ्चारक्षेत्रमा भएको आक्रमणको विरोध गर्ने बताए । उनले प्रदेश सरकारकातर्फबाट आफूले पत्रकार र सञ्चारगृहका सुरक्षाको लागि खेल्नुपर्ने भूमिकाको लागि सदैव तत्पर रहेको स्पष्ट पारे ।

यस्तै प्रमुख जिल्ला अधिकारी श्रेष्ठले आमसञ्चार क्षेत्रमाथि भएको आक्रमणबाट आफू दुःखित भएको उल्लेख गर्दै पत्रकारिता क्षेत्रको सुरक्षाको लागि आफू तयार रहेको र पत्रकारको माग माथिल्लो तहसम्म पुऱ्याउन प्रतिबद्ध रहेको बताइन् । ध्यानाकर्षणपत्र बुझाउने कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका पूर्वअध्यक्ष प्रताप विष्ट, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष राममणि दाहालगायत विभिन्न पत्रकार संगठनका प्रमुख एवम् प्रतिनिधि तथा जिल्लामा क्रियाशील पत्रकारको उपस्थिति रहेको थियो ।

# उपाध्यक्ष कप भलिबलको उपाधि...

प्रतियोगितामा विधागत रुपमा उत्कृष्ट खेलाडी वडा ५ का धिरज लो घोषित भए भने उदयीमान खेलाडीमा वडा ४ का नमराज मोक्तान घोषित भए ।

त्यस्तै, उत्कृष्ट स्पाइकरमा वडा ३ का नवीन रिजाल, उत्कृष्ट डिफेन्डरमा वडा ५ का विजय तितुङ, उत्कृष्ट सेटरमा वडा ३ का बालचन्द्र मल्ल, उत्कृष्ट ब्लकरमा वडा ५ का वीरबहादुर वाईबा र उत्कृष्ट प्रशिक्षक वडा ५ का गोविन्द वाईबा घोषित भए ।

विधागत विजेतालाई ट्रफि र प्रमाणपत्र प्रदान गरिएको थियो । खेलकुद विकास समितिका संयोजक मोहन वाईबाको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लको प्रमुख आतिथ्यता रहेको थियो ।

विजेता टोलीलाई उपाध्यक्ष मल्लले ट्रफि, मेडल र प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रममा वडा नम्बर ५ का वडाध्यक्ष छेकु लामा, वडा ३ का कार्यबाहक अध्यक्ष राममाया प्रजा, प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख समीर जोशी, समाजसेवी नरेन्द्रलाल रिजाललगायतको आतिथ्यता रहेको थियो ।

# ॐ वृद्धाश्रमलाई खाद्यान्न सामाग्री सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ हेटौंडा-२ मा रहेको ॐ वृद्धाश्रमलाई नवोदय शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयले खाद्यान्न सामाग्री सहयोग गरेको छ । सोमबार वृद्धाश्रममै पुगेर विद्यालयले आश्रमका संस्थापक अध्यक्ष बुद्धिप्रसाद पौडेल, अध्यक्ष सिद्धिलाल श्रेष्ठ र सचिव बिनोद सुवेदीको रोहबरमा खाद्यान्न सामग्री हस्तान्तरण गरेको हो ।

यही चैत १६ गते आयोजना भएको कक्षा १ को 'मि एण्ड माइ सराउण्डीङ थिम' को एक्जिट कार्यक्रममा विद्यार्थी, अभिभावक र शिक्षकबाट संकलन भएको रकमबाट खाद्यान्न सामग्री खरिद गरी आश्रमलाई सहयोग गरेको हो । उक्त थिममा 'डोनेसन' पनि समावेश भएकाले आश्रमलाई सामग्री सहयोग गरेको कार्यक्रमकी संयोजक विपना खड्काले जानकारी दिइन् । विद्यालयले आश्रमलाई ५ बोरा चामल, ६ केजी मुसुरो दाल, १ कार्टुन तेल, नुन, चिउरा, भुजा, चना, बिस्कुट, दालमोट, हर्लिसलगायतको सामग्री सहयोग गरेको हो ।

खाद्यान्न सामग्री ग्रहण गर्दै आश्रमका संस्थापक अध्यक्ष बुद्धिप्रसाद पौडेलले आश्रमलाई खाद्यान्न भन्दा पनि अहिले रकमको खाचो रहेको बताए । 'आश्रम आफ्नै खुट्टामा उभिनको लागि अक्षयकोषको सुरुवात गरेका छौं ।' पौडेलले भने -'हालसम्म अक्षयकोषमा ६० लाख रुपैयाँ जम्मा भईसकेको छ ।' अक्षयकोषमा ५ करोड रुपैयाँ पुऱ्याउने लक्ष्य रहेको उनले बताए । आश्रमको भौतिक पूर्वाधार निर्माणको लागि स्थानीय तह तथा विभिन्न संघ संस्थाले सहयोग गरेर आश्रम यो अवस्था सम्म आइपुगेको उनको भनाइ रहेको छ ।

आश्रममा हाल २३ जना आमा बुवा आश्रित रहनु भएको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले जानकारी दिए । यसैगरी नवोदय विद्यालय कक्षा १ मा अध्ययनरत मेधावी छात्रा सिवानी थापाले आनो जन्मदिन पनि आश्रममै मनाएकी छिन् । सिवानीको जन्मदिनको अवसरमा सिवानीको परिवारले खाद्यान्न सामग्री आश्रमलाई सहयोग गरेको छ । कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारी, सिवानीको आमा सरस्वती कार्कीलगायतको उपस्थित रहेको थियो ।

# मानवसेवा आश्रमको महायज्ञमा दाताको सहभागिता बढ्दै



साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ मानवसेवा आश्रमले आइतबारदेखि सुरू गरेको महायज्ञमा दान गर्ने दाताहरूको सहभागिता बढ्दै गएको छ । महायज्ञमा हेटौंडा उपमहानगर पालिका-५ का डा. कृष्ण धितालले भवनको क्षमता विकासका लागि स्वर्गीय श्रीमती र छोराको स्मृतिमा ५ लाख ११ हजार १ सय ११ रुपैयाँ दान गरेका छन् ।

महायज्ञमा सोमबार धापटोल विकास संस्थाले अक्षयकोष श्रीवृद्धिका लागि १ लाख ११ हजार १ सय ११ रूपैया सहयोग गरेको छ । कमलामाई नगरपालिका-१३ सिन्धुली निवासी शायना खड्काले ५० हजार रुपैयाँ योगदान गरेका छन् । अक्षयकोष निर्माणका लागि काठमाडौंस्थित कुन्हा इन्टरनेशनल १० हजार रुपैयाँ प्रदान गरेको छ । मानवसेवा आश्रम सर्लाही शाखाका अभिभावक परिवारद्वारा आश्रमको अक्षयकोषका लागि १९ हजार १ सय ५५ रुपैयाँ दान गरिएको छ । पुरुषोत्तम पौडेलले १५ हजार १ सय ११ रुपैयाँ, सीताराम/कान्छीदेवी बर्तौलाले २५ हजार दान गरेका छन् ।

त्यस्तै महायज्ञमा सोमबार हेटौंडा उपमहानगरपालिका-९ लामसुरेधाप निवासी कृष्णप्रसाद गौतमले ६ हजार १० रुपैयाँ, चम्पा कोजु परिवारले ५ सय ५५ रुपैयाँ रुपैयाँ, प्रथकजंग थापा ५ हजार ५ सय ५५ रुपैयाँ, हेटौंडा-४ निवासी शिवप्रसाद पौडेल/प्रमिला पौडेल १६ हजार ५५ रुपैयाँ, हेटौंडा-८ सोमबहादुर गुरुङले १५ हजार १ सय ५१ रुपैयाँ, काठमाडौं महानगर पालिका-१० बानेश्वर निवासी ध्रुव केसीले ११ हजार रुपैयाँ, मुख्यमन्त्री बहादुरसिंह लामाले २५ हजार रुपैयाँ नगद दान गरेका छन् ।

हेटौंडा-२ स्थित सिद्धिविनायक टोल विकास संस्थाले २० हजार ८ सय ४० रुपैयाँ, सशक्त टोलविकास संस्थाले ५ हजार १ सय रुपैयाँ, हेटौंडा-९ स्थित प्रगतिशील टोल विकास संस्थाले १८ हजार ६० रुपैयाँ, बागेश्वरी टोल विकास संस्थाले ५ हजार ५ रुपैयाँ, दिव्यपथ टोल विकास संस्थाले ५ हजार ७५ रुपैयाँ, सृष्टि टोल विकास संस्थाले २२ हजार १५ रुपैयाँ, पुरानो मकवानपुर रोड टोल विकास संस्थाले २६ हजार ८ सय १० रुपैयाँ, सिद्धार्थ टोल विकास संस्थाले २८ हजार ८ सय १० रुपैयाँ, देवीपथ टोल विकास संस्थाले १८ हजार ५५ रुपैयाँ, नयाँ मनकामना टोल विकास संस्था १२ हजार ७ सय ३५ रुपैयाँ, सिर्जनशील टोल विकास संस्थाले ११ हजार ७ सय ५५ रुपैयाँ दान गरेका छन् ।

मकवानपुर अटोमेकानिक एन्ड इन्जिनियरिङ एसोसिएनले ५ हजार ६ सय रुपैयाँ दान गरेको छ । महायज्ञमा आश्रमको अक्षयकोष श्रीवृद्धिका लागि सीतराम दाहाल/युवराज पौडेलले ५ हजार ५५ रुपैयाँ, विदुर/मन्दिरा थापा ५ हजार ५ सय ५५ रुपैयाँ, हेटौंडा-२ विजयराज/ईन्द्रकुमारी जोशीले ५ हजार ५ रुपैयाँ, लालबन्दी नगर पालिका-१४ निवासी रत्नकुमारी घिसिङले ५ हजार १ सय ५ रुपैयाँ, कल्पना सापकोटा गजुरेल ५ हजार १ सय रुपैयाँ दान गरेका छन् ।

# बुटवल-नारायणगढ सडक निर्माणले लियो गति, वर्षअघि सकिएला ?

काठमाडौं, १८ चैत/ पूर्व-पश्चिम राजमार्ग विस्तार आयोजना अन्तर्गत लामो समयदेखि आलोचना खेप्दै आएको बुटवल-नारायणगढ खण्डको कामले गति लिएको छ । आयोजनाले दिएको जानकारी अनुसार गैंडाकोट-दाउन्ने खण्डको कुल ६४ किलोमिटर सडकमध्ये एकतर्फी ५० किलोमिटर सडक कालोपत्र पूरा भइसकेको छ । अर्कातर्फको काम समानान्तर भइरहेको छ । यो सडक आयोजनाको गैंडाकोट-दाउन्ने (६४.४२ किलोमिटर) लाई पूर्वी खण्ड र दाउन्ने-बुटवल (४८.५८ किलोमिटर) लाई पश्चिम खण्डमा विभाजित गरिएको छ ।

सडक विभागका महानिर्देशक रामहरि पोखरेलका अनुसार आयोजनाले तुलनात्मक रूपमा गति लिएको छ । 'हामीले वर्षा अगाडि सबै काम सक्न आग्रह गरिरहेका छौं,' उनी भन्छन्, 'सकिएन भने पनि यो सडक खण्डमा यात्रुले सास्ती भोग्नु नपर्ने गरी व्यवस्थापन मिलाउँछौं ।'

काममा तीव्रता दिने उद्देश्यले विभागको उच्चस्तरीय टोलीले यसै साता आयोजनामा थप अनुगमन समेत गर्दैछ । आयोजनालाई गति दिन निर्माण कम्पनीले यस पटक विभिन्न डेढ दर्जन स्थानबाट एकै पटक कालोपत्र गर्ने काम थालेको थियो । सोही अनुसार नतिजा पनि आउन थालेको छ ।

यो आयोजना निर्माणको जिम्मेवारी चिनियाँ सरकारको एमएस चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन लिमिटेडले पाएको छ । आयोजनाका अनुसार दाउन्ने खण्डको ४ किलोमिटर सहित बाँकी सडक समेत वर्षा अगाडि नै सक्ने लक्ष्य छ । दाउन्ने खण्डको हालको समस्या समाधान गर्न आवश्यक मर्मत सम्भार सहित अप्ठेरो घुम्तीमा ढलान सडक बनाउने काम यसै सातादेखि सुरु हुने जानकारी समेत आयोजनाले दिएको छ ।

दाउन्ने खण्डमा यसै हिउँदमा रातको समयमा शित पर्दासमेत हिलाम्य भएर सडक अवरुद्ध हुन पुगेको थियो । वर्षायाममा काम नसक्ने हो भने यात्रा अझै कष्टकर हुने निश्चित छ । आयोजनाले निर्माण व्यवसायीलाई उद्धृत गर्दै जनाए अनुसार गत फेब्रुअरीबाटै कामले गति लिएको छ । उक्त महिना कम्पनीले लिएको २.३८ प्रतिशतको लक्ष्य पूरा भई लक्ष्यभन्दा धेरै काम भएको छ । फेब्रुअरीमा २.५६ प्रतिशत काम भएको आयोजनाले उल्लेख गरेको छ ।

उता, २६ पुसका दिन ओभरलोड ट्रकका कारण भत्किएको विनयी खोला पुल दुम्कीबासको विकल्पमा समेत अहिले २ सय ५० मिटर लामो पुल धमाधम बनिरहेको छ । यो पुल वर्षाअघि नै निर्माण सम्पन्न गरी यातायात खुलाउने लक्ष्य छ । पूर्व-पश्चिम महेन्द्र राजमार्गको १ सय १३ किलोमिटर खण्ड यस आयोजनाभित्र पर्छ । सरकारले माघ २०७५ मा यो आयोजना निर्माणका लागि सम्झौता गरेको थियो ।

(स्रोत: अनलाइनखबर)


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- ☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- ☞ नयाँ मोडलको गाडीहरु ।
- ☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- ☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२






बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**आयुर्वेद तथा बैकल्पिक चिकित्सालय, मकवानपुर**
हेटौंडा, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धि सूचना !

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/१२/१९*

यस चिकित्सालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत यस केन्द्रको अस्थायी दरबन्दी र संघीय सशर्त कार्यक्रममा देहाय बमोजिमको पदमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विज्ञापन नं | पद | सेवा | माग पद संख्या | श्रेणी/तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ६/२०८१/८२ | स्टाफ नर्स | स्वास्थ्य | २ | पाँचौ तह | |
| २ | ७/२०८१/८२ | पूर्वकर्म/पञ्चकर्म सहायक | स्वास्थ्य | १ | चौथो तह | |
| ३ | ८/२०८१/८२ | अभ्यङ्गकर्ता (पुरुष) | प्रशासन | १ | श्रेणीविहिन | |

१. **दरखास्त दिने स्थान** : आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुर, हेटौंडा ।
२. **परीक्षाको किसिम** : अन्तर्वार्ता
३. **दरखास्त दिने अन्तिम मिति** : २०८२/०१/०२ गते मंगलबार कार्यालय समय भित्र ।
**नोट** : विस्तृत जानकारीको लागी यस चिकित्सालयको टेलिफोन नम्बर ०५७- ५२०६८१ र ९८५५०१८६८१ मा सम्पर्क गर्न सक्नुहुने छ र Website:– https://dahcmakawanpur.bagamati.gov.np/ मा हेर्न सक्नुहुनेछ ।

## नागरिक वडापत्रको उपयोग गरौ

**नागरिक वडापत्रमा**:
- ☞ सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- ☞ सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- ☞ सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- ☞ सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- ☞ तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

**सेवाग्राहीले**:
- ☞ समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना